परिशिष्ट "क"

१. कल्याणकारी सेवा केन्द्र मार्फत हाल दर्जा अनुसार उपलब्ध गराउँदै आईरहेको सहुलियत नगद ऋण सुविधालाई बृद्धि गर्दै अब उप्रान्त सेवा अवधि ५ (पाँच) बर्ष पुरा भएका बहालवाला सशस्त्र प्रहरी कर्मचारीहरु परिचर देखि वरिष्ठ हवल्दार सम्मको दर्जालाई रु. ६ लाख, जुनियर अधिकृतलाई रु. ७(सात) लाख, सशस्त्र प्रहरी निरीक्षक देखी माथिको दर्जाका अधिकृतहरुलाई रु.१०(दश) लाख वार्षिक ६% व्याजदरमा मासिक किस्ताबान्दीमा ५(पाँच) वर्षमा कट्टा हुने गरी ऋण लिने प्रयोजन समेत उल्लेख गरी नगद ऋण उपलव्ध गराईनेछ।

२. पति पत्नी दुवै जना संगठनमा कार्यरत रहि दुवै जनाले सेवा अवधि १०(दश) बर्ष पुरा गरिसकेका सशस्त्र प्रहरी कर्मचारीले घर तथा जग्गा खरिद गर्ने हेतु नगद ऋण सुविधा लिन चाहेमा रु.२०(बिस) लाख सम्म ६% व्याजदरमा नगद ऋण उपलव्ध गराईनेछ ।

३. सशस्त्र प्रहरी कर्मचारीको अवकास हुन कम्तिमा २ (दुई) बर्ष बाँकी रहेको र अवकास पश्चात उपयोग हुन सक्ने कुनै पनि सीपमुलक तालिम आफ्नो नियमित डिउटीमा बाधा नपर्ने गरी अन्य निकायबाट सःशुल्क लिन चाहेमा त्यस्ता सशस्त्र प्रहरी कर्ममचारीहरुलाई प्रशिक्षण खर्च बापत बिना ब्याज अधिकतम रु ५० (पचास) हजार नगद ऋण उपलव्ध गराईनेछ।

४. १०(दश) वर्ष सेवा अवधि पुरा गरेका बहालवाला सशस्त्र प्रहरी सिनियर अधिकृत र बहालवाला जुनियर अधिकृतले नयाँ पेट्रोल/डिजेलका हलुका चार पङ्ग्रे सवारी साधन खरिद गर्न चाहेमा सोको लागि ६% ब्याजदर तथा वातावरण मैत्री ईलेक्ट्रिक नयाँ हलुका चार पाङ्ग्रे सवारी साधन खरिद गर्न चाहेमा ५%(पाँच प्रतिशत) ब्याजदरमा रु. २०(बिस) लाखसम्म मासिक किस्ताबान्दी कार्यक्रम अन्तर्गत १०(दश) वर्षमा कट्टा हुनेगरी नगद ऋण उपलव्ध गराईनेछ।

५. ५ वर्ष सेवा अवधि पुरा भएका बहालवाला सशस्त्र प्रहरी कर्मचारी नेपाल एपीएफ अस्पतालबाट उपचार हुन नसक्ने घातक प्रकृतिको रोगको तत्काल थप उपचारको लागि उक्त रोगसँग सम्बन्धित विशेष उपचार हुने अन्य अस्पतालमा लैजानुपर्ने अवस्थामा नेपाल एपीएफ अस्पतालको सिफारिसमा सशस्त्र प्रहरी कर्मचारीले तत्काल पाउने गरी रु.२(दुई) लाख बार्षिक ४% (चार प्रतिशत) व्याजदरमा ५(पाँच) वर्षको लागि नगद ऋण उपलव्ध गराईनेछ।

६. बहालवाला सशस्त्र प्रहरी कर्मचारी अस्वस्थ भई नेपाल एपीएफ अस्पतालमा उपचार गराउँदा वा शल्यक्रिया गर्नु पर्दा अस्पतालबाट उपलब्ध हुन नसक्ने औषधि वा औषधिजन्य सामाग्रीहरु खरिद गर्न आर्थिक अभाव नहोस भन्ने उद्देश्यका साथ नेपाल एपीएफ अस्पतालको सिफारिसमा निज कर्मचारीको तलवबाट मासिक किस्ता कट्टी गर्नेगरी तत्काल रु १(एक) लाख ६ महिना अवधिको लागि निर्ब्याजी नगद ऋण उपलव्ध गराईनेछ।

७. कल्याणकारी सेवा केन्द्रबाट उपलब्ध हुने रकमबाट बहालवाला सशस्त्र प्रहरी कर्मचारी र पूर्व सशस्त्र प्रहरी कर्मचारीका आश्रीत परिवार भित्र पर्ने बाबु/आमा, श्रीमान/श्रीमती र कर्मचारीका २१ वर्ष

ननाघेका सन्ततीलाई नेपाल एपीएफ अस्पतालबाट प्रवाह हुने सम्पूर्ण स्वास्थय सेवा शुल्कमा ८०% छुट प्रदान गर्दै आईरहेकोमा स्वास्थ्य सेवालाई थप विस्तार गर्दै लैजाने लक्ष्य अनुसार अवोप्रान्त कल्याणकारी कोषबाट उलब्ध गराईने रकमबाट बहालवाला सशस्त्र प्रहरी कर्मचारी र पूर्व सशस्त्र प्रहरी कर्मचारीका २१ वर्ष नाघेका छोरा, २१ वर्ष नाघेका अविवाहित छोरी, सासु/ससुरा र सौतेनी आमा समेतलाई नेपाल एपिएफ अस्पतालबाट प्रवाह हुने सम्पूर्ण स्वास्थ्य सेवा शुल्कमा २०% छुट प्रदान गराईनेछ।

८. कल्याणकारी सेवा केन्द्रले अमर/शहिद सशस्त्र प्रहरी कर्मचारीका आश्रित परिवारलाई नेपाल एपीएफ अस्पतालबाट प्रवाह हुने सम्पूर्ण स्वास्थ्य सेवा शुल्कमा ८०% छुट प्रदान गर्दै आईरहेकोमा अवोप्रान्त अमर/शहिद सशस्त्र प्रहरी कर्मचारीका श्रीमतिलाई(एकल महिला) नेपाल एपीएफ अस्पतालबाट प्रवाह हुने सम्पूर्ण स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराईनेछ ।

९. नेपाल एपीएफ अस्पतालमा उपचारको क्रममा मृत्यू भएका बाहालवाला, पूर्व सशस्त्र प्रहरी कर्मचारी र निजका आश्रीत परिवारको शव सम्बन्धित घर ठेगाना वा निजको धर्म/रीतिरिवाज अनुसारको दाहसंस्कार स्थलसम्म पुऱ्याउनको निम्ति निःशुल्क शव बहानको व्यवस्था नेपाल एपीएफ अस्पतालबाट गराईनेछ।

१०. सशस्त्र प्रहरी संगठनमा रहि देश र जनताको लागि लामो समय योगदान पश्चात सेवानिवृत्त भई कुनै पनि रोगको कारण लामो समयसम्म स्वास्थ्यकर्मीको निग्रानीमा रहनु पर्ने साथै निजलाई रखेदेख वा हेरचाह गर्ने परिवारका सदस्यहरु कोहि नभएका अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारुहरुको लागि उपयुक्त स्थानको छनौट गरी CARE HOME को व्यवस्था गर्ने कार्यको अध्ययन थालनी गरिनेछ।

११. सशस्त्र प्रहरी कर्मचारीहरुका १(एक) जना सन्ततीलाई सहुलियत दरमा नेपाल एपीएफ स्कुलमा अध्ययन गराउँदै आईरहेकोमा सशस्त्र प्रहरी कर्मचारीले आफ्नो २ जना सन्ततीलाई एकसाथ नेपाल एपीएफ स्कुलमा अध्ययन गराउन चाहेमा दोस्रो सन्ततीलाई दर्जा अनुसारको शुरु तलवको ४०% शुल्क लाग्ने साथै २ (दुई) सन्तती मध्ये कुनै १(एक) सन्ततीले नेपाल एपीएफ स्कुलमा अध्ययन समाप्त गरेमा वा अन्य कुनै कारणले स्कुलबाट अलग भएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीको सन्ततीलाई प्रथम सन्तती सोसरह शुल्क लिई अध्ययनको व्यवस्था मिलाईनेछ।

१२. सशस्त्र प्रहरी बलमा कार्यरत कर्मचारी अवकाश पश्चात समेत भिन्न सिपमार्फत आफ्नो आर्थिक अवस्थालाई सुधार्न सकोस् भन्ने मनसायका साथ CTEVT संगको समन्वयमा सुरु गरिएको Post Retirement Plan अन्तर्गत पर्ने बिभिन्न किसिमका सिपमुलक तालिमहरु (Vocational Training) आउँदो वर्षमा समेत निरन्तरता दिईनेछ।

१३. २०(बिस) वर्ष सेवा अवधि पुगेका सशस्त्र प्रहरी परिचर देखि सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षकसम्मका सशस्त्र प्रहरी कर्मचारीहरुलाई आगामि वर्षबाट चालक तालिम दिने कार्यको शुरुवात गरिनेछ ।

१४. सशस्त्र प्रहरी कर्मचारी र आम सर्वसाधारण नागरीकका सन्ततीहरुलाई सर्वसुलभ र गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यका साथ नेपाल एपीएफ स्कुलहरुलाई थप विस्तार गर्दै लगिने लक्ष्य अनुरुप कोशी प्रदेशको झापामा र लुम्बिनी प्रदेशको बुटवलमा एपीएफ स्कुल सञ्चालनको लागि आवश्यक प्रक्रिया अगाडि बढाईनेछ।

१५. सशस्त्र प्रहरी बल नेपाल कल्याणकारी सेवा केन्द्रबाट बहालवाला, अवकाश प्राप्त, शहीद परिवारहरुलाई सहुलियत दरमा गुणस्तरीय र सहज रुपमा उपभोग्य समाग्रीहरु खरिदको लागि **"एपीएफ सुपथ सेवा क्यान्टिन"** हाल हलचोक स्थित सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्रको भवनमा सञ्चालन जारी भई सेवा प्रदान गर्दै आईरहेकोमा उक्त सेवालाई विस्तार गर्दै लैजाने योजना अनुरुप नेपाल एपीएफ अस्पताल,बलम्बु परिसर भित्रको उपयुक्त स्थानमा एपीएफ सुपथ सेवा क्यान्टिन संचालन गरिनेछ।

१६. कल्याणकारी सेवा केन्द्रले केन्द्रीय स्तरबाट मात्र सशस्त्र प्रहरी बलका बहालवाला, अवकाश प्राप्त, अमर तथा अशक्त कर्मचारी एवं आश्रित परिवारहरूलाई कल्याण र सेवा दिई रहेकोमा अबोप्रान्त उक्त सेवालाई थप विस्तार गर्न सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्रको कार्यालयलाई बाहिनी स्तरसम्म विस्तार गरिनेछ।

१७. द्वन्दपिडित सुरक्षाकर्मीका परिवारहरुबाट द्वन्द पिडित सुरक्षाकर्मीहरुको हक र हितको लागि "द्वन्द पिडित सुरक्षाकर्मी परीवार संस्था" सञ्चालन गर्दै आईरहेकोमा उक्त संस्थाको कार्यक्रमलाई निरन्तता दिने उद्देश्यले कार्यालय संचालन रहुन्जेलसम्मको लागि वार्षिक रुपमा एकमुष्ठ रू.५० (पचास) हजार कल्याणकारी सेवा कोषबाट उपलब्ध गराईनेछ।

१८. सशस्त्र प्रहरी कर्मचारीहरुमा बचत गर्ने बानीको विकास गर्न APF Staff Saving Fund को स्थापना गर्ने र Fund मा सहभागी हुन चाहने ईच्छुक सशस्त्र प्रहरी कर्मचारीहरुबाट मासिक ४०० (चार सय) रुपैयाँको दरले अवकास पछि प्रचलित व्याज सहित फिर्ता हुने गरी संकलन गर्ने र फण्ड संचालनको लागी कल्याणकारी सेवा केन्द्रले नेपाल राष्ट्र बैंकबाट ईजाजतप्रात 'क' वर्गको वाणिज्य बैक तथा वित्तिय संस्थामा खाता खोलि छुट्टै कार्य योजना बनाई नियमन गर्नेछ।

१९. कल्याणकारी सेवा केन्द्र अन्तर्गत कानूनी परामर्श र प्राविधक परामर्श सहयोग डेस्क सञ्चालन:-

क. **कानूनी परामर्श सहयोग डेस्क:** सशस्त्र प्रहरी बल, नेपालका बहालवाला, अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरु र अमर/शहिद सशस्त्र प्रहरी कर्मचारीका परिवारहरुलाई आवश्यक कानूनी सल्लाहको लागि १ (एक) जना कानून अधिकृत सहित सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्र अन्तर्गत **"कानूनी परामर्श सहयोग डेस्क"** स्थापना गरिएकोछ।

ख. **प्राविधिक परामर्श सहयोग डेस्क:** सशस्त्र प्रहरी बल, नेपालका बहालवाला, अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरु र अमर/शहिद सशस्त्र प्रहरी कर्मचारीहरुको आवाश निर्माणको

लागि नक्शा बनाउने, मर्मत कार्य र अन्य प्राविधिक सहयोग जस्ता कल्याणकारी कार्यको लागि सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्र अन्तर्गत मद्दती तथा सेवा निर्देशनालयबाट २ (दुई) जना सम्बन्धित विषयका प्राविधिक अधिकृतहरु सहित प्राविधिक परामर्श सहयोग डेस्क स्थापना गरीएकोछ।

२०. **"एक सिपाही एक घर"** कार्यक्रम अन्तर्गत सशस्त्र प्रहरी बल, नेपाल र ग्लोबल आई.एम.ई. बैंक (Global IME Bank) बीच सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत बहालवाला सशस्त्र प्रहरी कर्मचारीलाई आवाश कर्जा अन्तर्गत घर खरिद, अपर्टमेन्ट खरिद, विद्यमान भवनको मर्मत-सम्भार, सम्पत्तिमा लगानी तथा आवसीय जग्गा खरिद गर्न न्यूनतम रु.५,००,०००।-(अक्षेरुपी पाँच लाख) देखि अधिकतम रु.३०,००,०००।- (अक्षेरुपी तीस लाख) सम्म घितो दिष्टबन्धक राखी कर्जा उपलब्ध गराउने सम्झौता भएको छ।